**न्यू श्री राजलक्ष्मी ज्वेलर्स**

राजविराज–१ (मेनरोड)

यहाँ सुन, चाँदी पाउनुको साथै २४ र २२ कैरेटका आकर्षक गर–गहनाहरु सुपथ मूल्यमा पाईन्छ । साथै औंर्डर अनुसारको गर–गहना तयारी गरिन्छ । राशि अनुसारको बहुमूल्य पत्थरहरु पनि पाईन्छ ।

सत्य सूचना र स्वस्थ जनमत निर्माणका लागि

# कृष्णा राष्ट्रिय दैनिक

जि.प्र.का.सप्तरी ७/०५३/०५४

"क" वर्गको यस दैनिकमा विज्ञापनको लागि सम्पर्क गर्नुहोस् ।

सम्पर्क

०३१–५२१७४७

वर्ष २५ अंक २२२ २०७७ साल मंसिर १२ गते शुक्रवार (२०२० नभम्बर २७) मुल्य रू.५/-

❖ पहाडबाट... ५ ❖ कोरोनाबाट ...३ ❖ विराटनगरमा... ४

## कोशी कटान र डुबानबाट पीडित परिवारले माँगे मुआब्जा



**कृष्णा सम्वाददाता**

राजविराज, ११ मंसिर । कोशीले गरेको कटान तथा डुबानबाट पीडित परिवारहरूले मुआब्जाको माँग गरेका छन् ।

कोशीले पुर्‍याएको क्षतिको र मुआब्जा र क्षतिपूर्ति तीन पुस्तादेखी माग्दै आएपनि हालसम्म नपाएको भन्दै सुनसरी, उदयपुर र सप्तरीका कोशी पीडितहरूको तर्फबाट संयुक्त अपील जारि गरिएको हो ।

कोशी पीडित उत्थान समाज सुनसरी, उदयपुर र सप्तरीका अध्यक्ष काशिम अन्सारीले बिहीबार उक्त अपील जारि गरेका हुन् । उक्त अपील पत्र बिहीबार सरोकारवालासहित सर्वसाधारणलाई समेत बितरण गर्दै सहयोगको अपील गरिएको छ ।

भारतीय विदेश सचिव हर्षबर्द्धन श्रृगला दुई दिने औपचारिक भ्रमणका क्रममा नेपाल आएको अवसर पारेर जारि गरिएको १२ बुँदे अपीलमा कोशी पीडितहरूले भोग्नु परेको पीडा र समस्याको बारेमा भारतीय पक्ष समक्ष गम्भिर ध्यानाकर्षण गराई दिन समेत सरकारलाई आग्रह गरिएको छ । कोशी सम्झौताको कार्यान्वयनसहितका १२ बुँदे अपिल

बाँकी तीन पृष्ठमा...

## लैगिंक हिंसा विरुद्धको अभियान सप्तरीमा पनि प्रारम्भ

**कृष्णा सम्वाददाता**

राजविराज, ११ मंसिर । लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियान सप्तरीमा प्रारम्भ गरिएको छ ।

बुधवार "लैङ्गिक हिंसा अन्त्यको प्रतिबद्धता : व्यक्ति, समाज र सबैको ऐक्यबद्धता" नाराका साथ लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियानको आरम्भ गरिएको हो ।

सप्तरीमा इन्सेक प्रतिनिधी मनोहरकुमार पोखरेलको संयोजकत्वमा लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियान मूल समारोह समिति गठन गरिएको छ । समितिको सहसंयोजकमा एकल महिला समूहकी अध्यक्ष अनीता देवकोटा र सचिवमा हुर्क नेपालका अध्यक्ष पार्थो सरकार चयन भएका छन् ।

यस अघि बुधवार सप्तरी सामुदायिक सेवा केन्द्रका अध्यक्ष हितनारायण लाल दासको अध्यक्षतामा भएको कार्यक्रममा इन्सेकका सदस्य बैद्यनाथ झा, इन्सेक प्रतिनिधी मनोहरकुमार पोखरेल, उच्च अदालत बार इकाईका अध्यक्ष रमानन्द साह, जिल्ला बार एकाईका अध्यक्ष डोमन साह, एकल महिला समूहकी अध्यक्ष अनीता देवकोटा, साहित्यकार करूणा झा, प्रादेशिक कानुनी सहायता समितिकी किरण साह, जिल्ला कानुनी सहायता समितिका रामप्रसाद गौतम, सप्तरी युथका बिष्णु यादव, हुर्क नेपालका अध्यक्ष पार्थो सरकार, राजविराज जेसीजका अध्यक्ष नानीमैया कटवाल, उपाध्यक्ष मीना साह, नगर बाल सञ्जालकी अध्यक्ष अनीषा ठाकुर, मैथिली महिला परिषदकी प्रतिमा देव, इन्टरनेशनल एलर्टका सरोज भुषाल, समग्र जनउत्थान केन्द्रका रामभरोसी गुप्ता, कृष्णकुमार साह, सुष्मा गुप्ता, महिला मानवअधिकार रक्षक सञ्जालकी मनु खनाल, गीता पाण्डे, साधना कर्ण, पत्रकार ललीता साह, अधिवक्ता मीना देव, पार्वती जोशीलगायतले मन्तव्य राखेका थिए ।

बाँकी तीन पृष्ठमा...

**आजको मौसम**

आज राजविराजको अधिक्तम तापक्रम ३० डिग्री सेल्सियस तथा न्यूनतम तापक्रम १४ डिग्री सेल्सियस रहने अनुमान गरिएको छ ।

शुक्रवार र शनिवार भीमनगरमा

**अत्याधुनिक यन्त्रबाट शारीरिक रोग व्याधिको जाँच**

जाँच यन्त्रः एनिसा (युक्रेन) वेदापल्स (एस), अल्फा (स्वीडन), अइरो डाइग्नोसिस (अमेरिका), नाडी नरंगिणी (भारत), हेल्थक्यूव (अमेरिका) र एन.एल.एस

**जाँचसँगै आयुर्वेदिक उपचार**

गठिया-वात, नसा दुखाई, शरीर, खुट्टा, कम्मर, गर्धन र जोर्नीको दुखाई, लिकोरिया डाइविटीज, ब्लडप्रेशस (हाई/लो), ग्याँस, कब्जीयत, पिसावमा समस्या, प्रोष्टेड, स्त्री सम्बन्धित रोग, मासिक रोग, छाला सम्बन्धि रोग, किडनीमा पत्थरी, कमजोरी, दम, बाबाशीर, रूघा-खोकी, कलेजोमा समस्याका साथै कपाल झर्ने टुक्रिने र अनुहारको डन्डिफोर, आँखा तलको कालो दाग, छाही (पोतो) कम्प्यूटराइज जाँच र उपचारको लागि सम्पर्क गर्नुहोस् ।

**निदान आयुर्वेद**

भारतीय स्टेट बैंक र पेट्रोल पम्पको नजिक भीमनगर, भारत

सम्पर्कः

नेपालको लागि ०९७७-९८६१४२४६८३ (शुक्रवार, शनिवार)

भारतको लागि : ००९१-८५३९९१७९३३

**गो हिल इञ्जिनियरिङ्ग एण्ड जियो ल्याब कन्सलटेन्सि प्रा.लि.**

राजबिराज सप्तरी

*हाम्रो सेवाहरू*

- नगरपालिका तथा गाँउपालिकाको मापदण्ड अनुसार घरको नक्सा (2D, 3D) बनाउनुको साथै सुपरभिजन तथा ठेक्का पनि लिइन्छ ।
- भवन, रोड, सिचाइ, खानेपानी, इन्डस्ट्रिएल प्लान्ट तथा अन्य इन्जिनियरिङ्ग सम्बन्धि कार्यको डिजाइन, ड्रोइङ, इष्टिमेट, स्ट्रक्चर एनालाइसिस, सुपरभिजन तथा DPR सम्बन्धी सम्पुर्ण कार्य गरिन्छ ।
- नगरपालिका तथा गाँउपालिकाको MTMP तथा RTMP तयार गरिन्छ ।
- Bank Valuation सम्बन्धी सम्पुर्ण कार्य गरिन्छ ।
- Engineering Structure Analysis तथा Engineering सम्बन्धि सम्पुर्ण Test हरु जस्तै Soil Test, Cube Test, Seive Analysis आदिको जाँचगरि रिपार्ट तयार पारिन्छ ।
- घरहरुको Interior Design सम्बन्धि सम्पुर्ण कार्य गरिन्छ ।
- विभिन्न Project हरुको Master planning बनाउनुको साथै Free परामर्श पनि दिइन्छ।
- Tender Prepartion, BOQ entry तथा Price Escalation सम्बन्धि सम्पुर्ण Document तयार गरिन्छ ।

*नोटः*- घर जिवनमा एकचोटि बनाइन्छ त्यसैले शिप बिनाको ठेक्दारलाई घर बनाउन जिम्मा दिनुको सट्टा इन्जिनियरको समूहलाई जिम्मा दिनु फाइदा हुन्छ ।

*सम्पर्क नं.*

९८६२१४६९९८, ९८०२७४२८०६

*Email:-* geglc2072@gmail.com,priteshyadav7@gmail.com

**आईडियल सहकारी संस्था लिमिटेड**

राजविराज-३, मेनरोड तथा हनुमाननगर, सप्तरी

हाम्रा सेवाहरू रेमिटान्स तर्फः

नेपाल अधिराज्य भर सस्तो तथा सुलभ तरिकाले पैसा पठाउनको लागि तथा जुन सुकै बैंक तथा बित्तिय संस्थाको खातामा पैसा सजिलै जम्मा गर्न सकिने व्यवस्था

कर्जा तर्फः धितो कर्जा, व्यापार कर्जा, वैदेशिक कर्जा, सुलभ तरिकाबाट कर्जा

ideal_rajbiraj2010@yahoo.com फोन नं. ०३१-५२१३९९, ०३१-५२३५५२

# बिहीवार २३ कोरोना संक्रमितको मृत्यु

**कृष्णा सम्वाददाता**

राजविराज, ११ मंसिर । पछिल्लो २४ घण्टामा १ हजार ६ सय १४ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ।

यो सहित संक्रमितको संख्या २ लाख २७ हजार ६ सय ४० पुगेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

१६ हजार ७ सय ८३ जना कोरोनाका सक्रिय संक्रमित छन्। यस्तै मन्त्रालयका अनुसार १६ हजार ७ सय ८३ जना आइलोसनमा र ६ सय ८० जना क्वारेन्टाइनमा छन्। पछिल्लो २४ घण्टामा १४ सय ३७ जना कोरोना जितेर डिस्चार्ज भएका छन्।

योसँगै कुल डिस्चार्ज हुनेको संख्या २ लाख ८ हजार ४ सय ३५ पुगेको छ। बिहीबार कोरोनाबाट २३ जनाको मृत्यु भएको छ। योसहित मृत्यु हुनेको संख्या १४ सय १२ पुगेको मन्त्रालयले जनाएको छ।

यसैगरी मोरङमा थप दुईजना कोरोना संक्रमितको मृत्यु भएको छ । लेटाङ र रतुवामाई घर भएका दुई जना कोरोना संक्रमितको मृत्यु भएको हो ।

लेटाङ नगरपालिका वडा नं. २ का ७० वर्षीय वृद्धको बिहीबार बिहान नोबेल मेडिकल कलेजमा उपचारको क्रममा मृत्यु भएको हो । पीसीआर परीक्षण गराउँदा रिपोर्ट पोजेटिभ आएपछि मंसिर ८ गते मंगलबार उनी मेडिकल कलेजमा भर्ना भएका थिए । श्वास फेर्न गाह्रो हुने, खोकी लाग्ने र ज्वरो आउने समस्या मृतकमा थियो । गम्भीर अवस्थामा अस्पताल भर्ना भएका उनको भेन्टिलेटरमा राखेर उपचार गर्ने क्रममा मृत्यु भएको हो । यस्तै रतुवामाई नगरपालिका-८ का कोरोना संक्रमित ८० वर्षीय वृद्धको बुधबार राति होम आइसोलेसनमै मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालय मोरङका अनुसार कोरोना पुष्टि भए पनि आफ्नै घरमा बसिरहेका वृद्धको राति १० बजे मृत्यु भएको हो । पीसीआर परीक्षण गराउँदा मंसिर १ गते रिपोर्ट पोजिटिभ आएको थियो । मृतकमा मृगौला सम्बन्धी पुरानै समस्या थियो ।

## राजविराज नगरपालिका

२ नं. वडा कार्यालय
राजविराज, सप्तरी
२ नं. प्रदेश नेपाल

मितिः २०७७/८/१०

वडा कार्यालय राजविराज नगरपालिकाबाट जारी भएको सूचना

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी, राजविराज नगरपालिका साविक वडा नं. ८ हाल वार्ड नं. २ बस्ने राज नारायण सिंहको नाती कपिलेश्वर सिंहको छोरा दिलिप कुमार सिंहद्वारा माग भए अनुसार मेरो बुवा मिति २०४३/१/११ गते र आमा मिति २०७५/७/११ गतेमा दुवै जना आ-आफ्नो कालगतिले मृत्यु भएको हुँदा मेरो आमा स्व. अडहुल देवी सिंहको नाउँमा कायम रहेको गाउँ ब्लक तिरी रसिद भएको जग्गा छोर। दिलिप कुमार सिंहको नाउँमा तपसिलमा उल्लेखित जग्गा नामसारी दर्ता गर्न सिफारिस गरी पाउँ भनि मिति ०७७/८/८ द.नं. ८० को निवेदनद्वारा माग गरिएको हुँदा सो जग्गमा कसैको हकदाबी भए वा हकदार भए दाबी विरोध गर्नका लागि सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आ-आफ्नो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला । अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**तपसिल**

जिल्ला सप्तरी राजविराज नगरपालिका वडा ८ हाल २ बस्ने स्व. अडहुल देवी सिंह नाउमा कायम रहेको जग्गा

| जिल्ला | गा.पा./नगरपालिका | वार्ड नं. | सा.कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | राजविराज | ८ | २८७ मध्ये | ०-०-५ |
| सप्तरी | राजविराज | ८ | २८७ मध्ये | ०-०-८१/२ |

अरूण कुमार यादव
वडाअध्यक्ष (राजविराज नगरपालिका वडा नं. २)


## प्रख्यात L.P. ब्रान्ड इट्टाको नौलो प्रस्तुती

राज इट्टा उद्योगले अत्याधुनिक प्रविधिबाट गुणस्तरीय र ठूलो साईजको "L.P. ब्रान्ड" ईट्टा उत्पादन गरी रहेकोले ग्राहक महानुभावहरूलाई अविलम्ब सम्पर्क राख्न अनुरोध छ ।

राज ईट्टा उद्योग
राजविराज-५, ०३१-५२००६०

ग्राहकको सन्तुष्टि नै हाम्रो उद्धेश्य हो ।

सम्पर्क नं. ०३१-५२००६० / ९८५२८२०५९५


सहकारी ऐन २०४८ अनुसार दर्ता नं. ११/०६८/०६९

## जनज्योति कृषि सहकारी संस्था लिमिटेड

मुख्य कार्यालय रा.वि.न.पा.-९ मलेठ , सप्तरी

पान नं. ३०५११४४१७

चलानी नं. :- ८६
पत्र संख्या :- ०६६/०६८

मिति २०७७०८०१

श्रीमान् ..............................................

शेयरधनि,......................................

**बिषय : संस्थाको नवौं वार्षिक साधारण सभामा उपस्थित हुने बारे ।**

महोदय,

प्रस्तुत सम्बन्धमा मिति २०७७ कार्तिक १४ गतेमा बसेको यस संस्थाको संचालक समितिको बैठकको निर्णय बमे संस्थाको नवौं वार्षिक साधारण सभा कोभिड-१९ को संक्रमणलाई मध्यनजर गर्दै सहकारी बिभागबाट मिति २०७७ असोज ९ जारी भएको सूचना बमोजिम तपसिलको मिति, समय र स्थानमा ईकाई भेलाको माध्यमबाट निम्न प्रस्ताबहरु उपर छलफल निर्णय गर्नु पर्ने भएकोले यहाँहरुको अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध छ ।

**प्रस्ताबहरु**

१ संचालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. ०७६/७७ को प्रतिबेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
२ संचालक समतिको तर्फबाट कोषाध्यक्षको प्रतिबेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
३ लेखा सुपरिबेक्षण समितिको तर्फबाट प्रस्तुत आ.व.०७६/७७ प्रतिबेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
४ आर्थिक वर्ष ०७६/७७ को लेखा परिक्षण प्रतिबेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
५ आर्थिक वर्ष ०७७/७८ को प्रस्ताबित बजेट तथा कार्यक्रम माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
६ आर्थिक वर्ष ०७७/७८ को लागि लेखा परिक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
७ निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयर सदस्यहरुको तर्फबाट प्रतिनिधि छनौट गर्ने सम्बनधमा ।
८ बिबिध सम्बन्धमा ।

**कार्यक्रम**

१ मिति २०७७ मंसिर १५ गते देखि १९ गते सम्म उपस्थिति रजिष्टर खुल्ला रहने छ , सो अबधिमा प्रत्येक दिन बिहान ९ देखि ११ बजे सम्म २०० जना र दिउँसो १ बजे देखि ४ बजे सम्म २०० जना गरि जम्मा ४०० जना शेयर सदस्य उपस्थितिमा सुझाब संकलन तथा प्रस्ताबहरु उपर छलफल गरि निर्णय गर्ने ।
२ मिति २०७७ मंसिर २० गते शनिवार ईकाइ भेला मार्फत प्राप्त सुझाब र प्रस्ताव उपर छलफल गरि साधारण सा अन्तिम रुप दिने ।

**समय : बिहान ११ बजे देखि**
**स्थान : संस्थाको प्रांगण**

बिश्वनाथ मण्डल
अध्यक्ष

मो.न.९८४२९९९९३९,९८०१५४९६०१ ईमेल: janajyoticoop@gmail.com Website:www.janajyoticoop.com.np






## २०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु

- मौखिक वा विद्युतिय माध्यमबाट कसूरको सूचना दिन सकिने,
- पक्राउ गर्नु अघि मुद्दा हेर्ने अधिकारीबाट पक्राउ पुर्जी जारि गर्नु पर्ने,
- सरकार वादी हुने फौजदारी कसूर सम्बन्धमा मुद्दा नचलाउने निर्णय गरिएमा जाहेरवाला वा पीडितलाई सूचना दिनु पर्ने,
- अभियुक्तले कसूर स्वीकार नगरेको अवस्थामा मुद्दामा ठहर गर्नु कुरा यकिन गर्न अदालतले वादी प्रतिवादीवीच छलफल गगराउन सक्ने,
- अदालतको अधिकारक्षेत्र र हदम्याद सम्बन्धी विषयमा पहिले निर्णय गर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग






प्रकाशकः श्रीमती जिवछी यादव सम्पादक : मुरली प्रसाद यादव, समाचार सम्पादक : एमके माझी, सह-सम्पादक : अमरनाथ मण्डल, प्रमुख सम्वाददाता : बैजु जोशी, प्रमुख व्यवस्थापक : एस.आर. सुमन, कम्प्युटर सेटिङ्ः सरोज कुमार यादव, इमेल : krishnadaily@yahoo.com, krishnadailyrjb@gmail.com मुद्रक : राजदेवी अफसेट प्रेस, रा.वि. कार्यालय : खेलकुद सपिङ्ग कमप्लेक्स, महेन्द्र क्लब रा.वि., विराटनगर सम्पर्क : उमेश मण्डल, फोन-फ्याक्स नं. : ०३१-५२१७४७

# सम्पादकीय

## बढ्दो भ्रष्टाचार

नेपालमा भ्रष्टाचार मौलाउदै गएको प्रतिवेदन अन्तर्राष्ट्रिय संस्थाले सार्वजनिक गरेको समाचार सार्वजनिक भएको छ ।

नेपालमा भ्रष्टाचार संस्थागत रुपमा मौलाउदै गएको र यसको नियन्त्रण गर्ने जिम्मेवारी बोकेको नेपाल सरकार भ्रष्टाचार नियन्त्रणको नाममा भ्रष्टाचारलाई बढावा दिई रहेको प्रतिवेदनमा उल्लेख छ । प्रधानमन्त्रीको कार्यालय तथा राष्ट्रपतिको कार्यालयबाट भ्रष्टाचारको संरक्षण भई रहेको जस्ता गम्भिर आरोप सहितको प्रतिवेदन अन्तर्राष्ट्रिय संस्थाले सार्वजनिक गरेपछि प्रधानमन्त्री केपी शर्मा ओलीको भ्रष्टाचार गर्दिन र भ्रष्टाचार गर्न दिन्न भनी व्यक्त गरेको प्रतिबद्धता उपर प्रश्न चिन्ह खडा हुन पुगेको छ ।

नेपालमा भ्रष्टाचार नियन्त्रण गर्ने जिम्मेवारी पाएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार नियन्त्रणको नाममा झारा टार्ने कार्य गरी रहेको र राजनीतिक दबाबमा परेर भ्रष्टाचारीलाई पोस्ने काम गरी रहेको आरोप खुलेआम लागि रहेको बेला सार्वजनिक भएको प्रतिवेदनले समेत सो आरोपलाई पुष्टि गरी रहेको छ । भ्रष्टाचारलाई बढाबा दिने कार्य सरकारी स्तरबाटै हुन थालेको कारण दक्षिण एशियामा नेपाल भ्रष्टाचार हुने प्रमुख मुलुकमा स्थापित हुन पुगेको दाबी प्रतिवेदनमा गरिएको छ ।

विश्व व्यापी रुपमा फैलिएको कोरोना महामारी नियन्त्रणको नाममा सरकारी स्तरबाटै भ्रष्टाचार भएको, भ्रष्टाचारीलाई पोस्ने कार्य सरकारमा सहभागी मन्त्री तथा सत्तासीन दलका नेताहरुले गरी रहेको, तस्करलाई संरक्षण दिने कार्य सत्तासिन दलबाटै भई रहेको र सरकारी कार्यालयमा खुलेआम भ्रष्टाचार भई रहेको कारण सर्वसाधारण प्रभावित भई रहेका छन् । घुस र कमिशन जायज बनाई सकिएको अवस्थामा भ्रष्टाचार नियन्त्रणको कल्पना पनि गर्न सकिदैन ।

दक्षिण एशियामै भ्रष्टाचार हुने अग्रणी मुलुकको रुपमा सार्वजनिक भएको प्रतिवेदनबाट पाठ सिकेर भ्रष्टाचार नियन्त्रण गर्ने प्रतिबद्धता तथा त्यस अनुरुपको गतिविधि गर्न नेपाल सरकार सम्वेदनशिल हुनु आवश्यक छ ।

## तपाई सुचना मात्रदिनुस्

तपाईमाथि कसैले अन्याय वा अत्याचार गरेको छ ? गर्दैछ ? भने आफुले आफुलाई निमुखो नसम्झनुस् । तपाईको साथमा कृष्णा दैनिक छ । हामीलाई सूचना दिनुहोस् । हामी तपाईलाई परेको पीर मर्का हटाउन कलम मार्फत सहयोगी भूमिका खेल्ने छौं । तपाईले सहि दिँदा भोलि भ्रष्टाचारी, अन्यायीबाट अरू धेरै पीडित हुनेछन् त्यस्तै तपाईले देखेका भ्रष्टाचार, अनियमितता, तस्करी, कालोबजारी र गैर कानूनी कार्य समेतको हामीलाई सूचना दिनुहोस् र सच्चा नागरिकको भूमिका निर्वाह गर्नुहोस् । सूचना दिनु तपाईको पनि दायित्व हो । त्यसैले त्यस्तो गलत प्रवृत्तिको तपाई हामी मिली अन्त्य गरौं । सम्पादक

**कृष्णा दैनिक**

राजविराज–७ न.पा. कार्यालय नजिक

# सिन्डिकेट सदस्यता र कांग्रेस महाधिवेशन



श्यामकुमार घिमिरे

नेपाली कांग्रेसको स्थापनाकालदेखि नै प्रयोगमा आएको साधारण र क्रियाशील गरी दुई प्रकारका सदस्यता प्रणाली आज पनि विद्यमान छ। सत्तरी वर्षभन्दा अगाडिदेखि प्रयोगमा आएको सदस्यता प्रणालीमा कांग्रेसले आजसम्म परिवर्तनको आवश्यकता महसुस गरेको छैन। राज्य पुनर्संरचनापछि पार्टीको विधान संशोधनका लागि महामन्त्री पूर्णबहादुर खड्काको संयोजकत्वमा गठित समितिले कांग्रेसको सदस्यता एउटै बनाउने र त्यस्तो सदस्यता सबैका लागि सधैं खुला गर्ने प्रस्ताव ल्याएको थियो, जो बहुमत केन्द्रीय सदस्यको चर्को विरोधका कारण केन्द्रीय समितिबाटै पारित हुन सकेन। यसको अर्थ कांग्रेस आफ्नो संगठनात्मक ढाँचाको प्रस्थान विन्दु सदस्यता प्रणालीमा कुनै परिवर्तन चाहँदैन।

कांग्रेस पार्टीको जन्म नै मूलतः राणाशासनको अन्त्य गर्दै देशमा प्रजातन्त्र स्थापनाका लागि भएको हुँदा कांग्रेसलाई गर्भे प्रजातन्त्रवादी नै भन्दा हुन्छ। 'जनताबाट निर्वाचित प्रतिनिधि, तिनीहरुद्वारा निर्मित कानुन र कानुनद्वारा सञ्चालित राज्यसत्ता विधिको शासन' प्रजातन्त्र हो। प्रजातन्त्रमा सिद्धान्त र आदर्श जति राम्रा भए पनि ती जनअनुमोदित हुन अनिवार्य छ। जुन पार्टी सैद्धान्तिक रुपमै आम जनताको मतबाट निर्वाचित हुने पद्धतिमा विश्वास गर्छ, त्यो पार्टीको सदस्यता सत्तरी वर्षदेखि सिन्डिकेट प्रणालीबाट चलिरहेको छ। प्रजातन्त्र प्राप्तिका पछिल्ला तीस वर्षसम्म पनि यो सिन्डिकेट चल्दैछ। निर्वाचनका समयमा कांग्रेसले आम जनतालाई आफ्नो निर्वाचन चिह्नमा मतदान गर्न अधिकारपूर्वक आग्रह गर्छ। जनाधिकारको सधैं वकालत गर्दै आएको कांग्रेसले जनतासँग मत माग्ने आफ्नो अधिकार झैं कांग्रेसको सदस्यता पाउने अधिकार पनि इच्छुक नेपाली जनताको हो भन्ने सैद्धान्तिक रुपमा स्वीकार गर्न सकेको छैन। निर्वाचनका समयमा बरू अप्रजातान्त्रिक ढंगले मतदातालाई प्रभावित गर्न तयार हुने तर तीनै मतदाता पैसा तिरेर पार्टी सदस्यता लिन खोज्दा नदिने समस्या कांग्रेसका लागि सामान्य हो।

कांग्रेस महाधिवेशनका लागि प्रारम्भिक मतदाता मानिएका क्रियाशील सदस्यता वितरण कांग्रेस विवादको सधैं मुख्य विन्दु रहँदै आएको छ। विवादकै कारण सधैंभरि खुला रहनुपर्ने एवं वार्षिक रुपमा नवीकरण हुनुपर्ने क्रियाशील सदस्यता पाँच वर्षमा एकपटक हुने गरेको छ। विधानअनुसार क्रियाशील सदस्यता वितरणको समय सकिएपछि व्यवहारमा क्रियाशील नवीकरण र वितरण प्रक्रिया सुरू हुन्छ। त्यसको तीन वर्षपछि मात्र सदस्यता वितरण गर्ने नियमित अभ्यास भइसक्यो। पाँच वर्षमा एकपटक वितरण गर्ने सदस्यतामा पनि यति ठूलो सिन्डिकेट छ कि गाउँदेखि केन्द्रसम्मका सात-आठ तहका सिन्डिकेट पार गर्दा कसका सदस्यता कहाँ फालिन्छन्, कहाँ च्यातिन्छन्, कहाँ हराउँछन् ठेगाना नै हुन्न। कहिलेकाहीं ठूलाठूला नेताकै सदस्यता गायब हुन्छन्।

काठमाडौंमा व्यापार, व्यवसाय एवं रोजगार गरी बस्ने दार्चुलाको एउटा व्यक्तिले कांग्रेसको सदस्यता लिन उसको मतदाता नामावली भएको गाउँमा नै पुग्नुपर्ने हुन्छ। यसरी हेर्दा एउटा व्यक्तिले कांग्रेसको सदस्यता लिन चाहेमा पाँच वर्ष कुर्नुपर्छ, मतदाता नामावली भएकै गाउँमा पुग्नुपर्छ, स्थानीय पार्टी नेताहरुको खुसामद गर्नुपर्छ त्यसपछि सदस्यता लिने व्यक्तिको हैसियतअनुसार सबै तहमा आफ्नो पहुँच पुर्‍याएर मात्र सदस्यता प्राप्त गर्न सक्छ। यी सिन्डिकेट कतिपय स्थानमा सजिलै पनि छन् तर कतिपय स्थानमा भने यति कडा छन् कि त्यहाँ सामान्य मानिसको पहुँच वर्जित छ। यति हुँदाहुँदै पनि कांग्रेसले हरेक निर्वाचनमा तीस-पैंतीस लाख मत प्राप्त गर्दै आउनुमा पार्टीको संगठनात्मक कारणभन्दा पनि नेपालको राजनीतिमा प्रजातन्त्रको पर्याय हुनु हो, प्रजातान्त्रिक पार्टीको एकाधिकार प्राप्त गर्नु हो।

कांग्रेसको विधानअनुसार यसको महाधिवेशन प्रत्येक चार वर्षमा सम्पन्न हुनुपर्ने हो। देशमा असामान्य एवं विशेष परिस्थिति निर्माण भई समयमा अधिवेशन गर्न नसकिने अवस्था श्रृजना भए मात्र केन्द्रीय समितिको निर्णयबाट एक वर्षको अवधि थप्न सकिने व्यवस्था विधानमा छ। प्रजातन्त्र प्राप्तिका पछिल्ला तीस वर्षमा कांग्रेसले कहिल्यै पनि आफ्नो अधिवेशन समयमा सम्पन्न गर्न सकेको छैन। यसका धेरै कारणमध्ये क्रियाशील सदस्यताको अन्तिम किनारा लगाउने झमेला प्रमुख हो। तेह्रौं महाधिवेशनअगाडि पनि यो झमेलाले झन्डै एक वर्षको समय लिएको थियो। विवाद समाधानका लागि नरहरि आर्चायको संयोजकत्वमा गठित समितिलाई पर्गेल्न सात महिना लागेको थियो। जति समाय बित्दै गएको छ, समास्या पनि बढ्दै गएको छ। यस वर्ष त सदस्यताको झमेलामा प्रवेशै भएको छैन। यसले कति समय लिन्छ भन्न सकिने अवस्था छैन। यो समस्या बढ्दै जाँदा केही समयपछि अधिवेशनै गर्न नसकिने अवस्थासम्म सृजना हुन सक्छ।

बीस लाख सदस्यता : हाल कांग्रेससँग झन्डै पाँच लाख सदस्य छन्। विद्ययमान क्रियाशील सदस्यहरु बराबरकै नयाँ सदस्यता वितरण गर्ने पार्टी निर्णयअनुसार अब दस लाख सदस्यता पुग्दैछ। यो सदस्यतालाई नेपाली कांग्रेसको सदस्यता भनी एकै प्रकारको सदस्यता प्रणाली विकास गरी सधैंभरि सबैका लागि पार्टीका सबै तहमा खुला गर्ने हो भने यसै वर्ष यो सदस्यता बीस लाख पुग्ने निश्चित छ। पार्टीलाई आउँदो निर्वाचन जित्न कम्युनिस्ट पार्टी एकजुट भइराखेमा पनि चालीस-पैंलालीस लाख मतको जरूरत पर्नेछ। पार्टीसँग बीस लाख सदस्य हुने हो भने चालीस-पैंतालीस लाख मत सजिलै प्राप्त हुने छ। घातअन्तर्घातका कुरा प्रारम्भिक सदस्यहरुले गर्ने हैनन्, नेताहरुले नै गराउने हुन्।

कांग्रेसले हरेक निर्वाचनमा तीस-पैंतीस लाख मत प्राप्त गर्दै आउनुमा पार्टीको संगठनात्मक कारणभन्दा पनि नेपालको राजनीतिमा प्रजातन्त्रको पर्याय हुनु हो, प्रजातान्त्रिक पार्टीको एकाधिकार प्राप्त गर्नु हो।

कम्युनिस्टहरुको जस्तो सदस्यता : कम्युनिस्ट पार्टीमा वर्गीय संगठनको सदस्यता प्राप्त गरेका सदस्यहरुले निश्चित समयपछि निश्चित मापदण्ड पूरा गरेर पार्टी सदस्यत प्राप्त गर्छन्। तीनै पार्टी सदस्यहरुको मतदानबाट पार्टी नेतृत्व मात्र हैन, सरकारकै नेतृत्वको निर्वाचन हुने गर्छ। त्यसैले उनीहरुले ठोकी ठटाई मात्र सदस्यता दिने गर्छन्। कांग्रेस आम जनताको मतबाट निर्वाचित हुने पद्धतिमा विश्वास गर्ने पार्टी भएकाले सदस्यहरु बनाउने क्रममा त्यति ठोकी ठटाई गर्न जरूरी छैन।

सदस्यहरुलाई मतदानको अधिकार : हाम्राजस्तो देशमा अधिवेशनलाई प्रभावित गर्ने उद्देश्यबाट मात्र पनि सदस्यता लिने वा लिन लगाउने प्रचलन भएको हुँदा एक वर्षअगावै सदस्यता लिएका वा एकपटक नवीकरण गरिसकेका सदस्यहरुलाई मात्र अधिवेशनको मतदानमा सहभागी गराउने व्यवस्था मिलाउन सकिन्छ। तोकिएको समयमा सदस्यता नवीकरण गर्ने वा योग्यता पुगेका सदस्यहरुलाई मात्र अधिवेशनमा सहभागी गराउँदै मतदानमा भाग लिन दिने व्यवस्था गरियो भने अहिलेका समस्या समाधान हुनेछन्।

सबै तहहरुमा सदस्यता लिन पाउने व्यवस्था- पार्टीका वडादेखि केन्द्रसम्म कुनै पनि तहमा तोकिएको शुल्क तिरी सदस्यता लिन पाउने व्यवस्था मिलाउनुपर्छ। यसरी जुनसुकै तहमा सदस्यता लिईएको भए पनि सबै तहमा अभिलेख पठाउने व्यवस्था गर्नुपर्छ। तहगत रुपमा जति माथिल्लो तहमा सदस्यता लियो सदस्यता शुल्क त्यति नै बढी राख्न सकिन्छ। यसबाट कांग्रेसको सदस्यता लिन अमूक ठाउँमा गएर अमूक मानिसकै विश्वास जित्न आवश्यक भएन। पार्टी सदस्यले जो जहाँ छ, जेजसरी सक्छ त्यसैगरी सहयोग गर्छु भन्ने सिद्धान्त लागू गर्न आवश्यक छ।

सदस्यहरुको सहभागितामा वृद्धि : विद्यमानमा पार्टी सदस्यहरुको भूमिका अधिवेशनमा प्रारम्भिक मतदाताका रुपमा काम गर्ने र निर्वाचनका समयमा पार्टीलाई सहयोग गर्ने मात्र रहेको छ। यो भूमिकालाई बढाउँदै पार्टीका उम्मेदवारहरुको छनोट सम्बन्धित तहका सदस्यहरुको मतदानबाट गर्ने एवं पार्टीका महत्वपूर्ण एवं विवादास्पद निर्णयसमेत पार्टी सदस्यहरुको मतबाट टुंग्याउने अभ्यास सुरू गर्ने हो भने कांग्रेसको सदस्यता कति होला ?

सदस्यताको सिन्डिकेट र लोकतान्त्रिक अवधारणा : लोकतान्त्रिक पार्टीले आफ्नो सदस्यता सधैंभरि आम नागरिकका लागि खुला राख्नैपर्छ। प्रायः लोकतान्त्रिक पार्टीहरुमा संसारभरि एउटै प्रकारको सदस्यता प्रणाली प्रचलनमा छ। देशमा विद्यमान कुनै पनि पार्टीको सदस्यता प्राप्त गर्ने नागरिकको अधिकार हो भन्ने कुरा कम्तीमा कांग्रेसजस्तो पार्टीले स्वीकार गर्न जरूरी छ।

कांग्रेसको सदस्यतालाई माथि भनिए झैं सधैंभरि सबैका लागि पार्टीका सबै तहमा खुला गर्ने एवं अनलाइनबाट पनि सदस्यता लिन पाउने व्यवस्था गर्ने हो भने पार्टी सदस्यता त अकल्पनीय रुपमा बढ्ने नै छ। साथमा विधिपूर्वक अधिवेशन समयमा सम्पन्न गर्नसमेत मद्दत पुग्ने छ। कांग्रेस साँच्चै नै अनुकरणीय प्रजातान्त्रिक पार्टी बन्ने छ। अरु पार्टीहरुलाई पनि यो उदाहरणले लोकतान्त्रिक पार्टीका

**बाँकी तीन पृष्ठमा...**

## कोशी...

पत्रमा सप्तकोशीमा पुल निर्माणका क्रममा भारतले अधिग्रहण गरेको सुनसरी, उदयपुर र सप्तरीवासीको हजारौं विगहा नम्बरी जग्गाको मुआब्जा र बालिको क्षतिपूर्ती ७० वर्ष नाघिसक्दा पनि नपाएको उल्लेख गरिएको छ ।

भारत सरकारले कोशी सम्झौता अनुसार वर्षे पिच्छे कोशी कटानबाट पीडितलाई दिनुपर्ने क्षतिपूर्ती नदिएर अन्याय गरेको भन्दै तीन वटै जिल्लाका कोशी पीडितहरू पटक पटक आन्दोलन गर्दै आएका छन् । तर, हालसम्म आश्वासन बाहेक केही नपाइएको अध्यक्ष अन्सारीको भनाई छ ।

पटक पटक राजनीतिक परिवर्तन हुँदा पनि भारतसँग गम्भिर छलफल गरेर कोशी पीडितलाई न्याय दिने काम कसैले गरेनन् अध्यक्ष अन्सारीले भने, कोशी पीडितको समस्याका लागि भारतीय पक्षसँग आवश्यक कुटनीतिक पहल गर्नुपर्छ ।

अर्का कोशी पीडित मो. इर्सादका अनुसार २०७१ साउनमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल आएका बेला दुई देशका प्रधानमन्त्रीबीच कोशीको समस्या समाधान गर्ने सहमति भएपनि त्यो अहिलेसम्म कार्यान्वयनमा आउन सकेको छैन् । मुआब्जाका लागि सुनसरी, उदयपुर र सप्तरीका कोशी पीडितहरू संगठित रूपमै दशकौंदेखी चरणबद्ध आन्दोलन गर्दै आएका छन् ।

यद्पी नेपाल तथा भारतका सरकारले आफूहरूको माँग र मुद्दाप्रति खासै चासो सम्म देखाउन नसकेको पीडितहरूले आरोप लगाउँदै आएका छन् ।

सुनसरी तथा सप्तरी जिल्लाको सीमामै पर्ने सप्तकोशी ब्यारेज निर्माणका क्रममा भारत सरकारले नेपालतर्फका हजारौं विगहा नम्बरी जग्गा अधिग्रहण गरेको थियो । तर, सम्झौता अनुसार उक्त जग्गाको मुआब्जा तथा बालिनालीको क्षतिपूर्ति अझै पाउन नसक्दा कोशी ब्यारेज निर्माणका क्रममा बिस्थापनमा परेका सुनसरी, उदयपुर र सप्तरीका हजारौं पीडितहरू दशकौंदेखी मुआब्जा माग्दै संघर्षरत छन् ।

## सिन्डिकेट...

रुपमा रुपान्तरण हुन सहयोग पुग्ने छ।

जसले जे भने पनि कांग्रेस महाधिवेशन २०७८ साल भदौसम्ममा सम्पन्न गर्नैपर्ने संवैधानिक बाध्यता छ। क्रियाशील सदस्यताको झमेलाको पाटोभित्र प्रवेशै भइनसकेको अवस्थामा कहिलेसम्म यसको टुंगो लाग्छ अहिल्यै भन्न सकिने अवस्था छैन। क्रियाशील सदस्यता निर्धारण भइसकेपछि भने वडादेखि केन्द्रसम्मका अधिवेशन बरू दुईतीन महिनाभित्र सम्पन्न गर्न सकिन्छ। त्यसैले कांग्रेस अधिवेशनका लागि सधैं समस्या बन्दै आएको ढिलाइको कारण बन्दै आएको सदस्यतासम्बन्धी समस्यालाई सदाका लागि समाधान गर्न कांग्रेसको सदस्यता एउटै बनाऔं, सधैंभरि सबैका लागि सबै तहमा खुला राखौं। –घिमिरे नेपाली कांग्रेसका केन्द्रीय सदस्य हुन् । साभारः अन्नपूर्णपोष्ट

## लैंगिक...

लैङ्गिक हिंसाविरूद्ध १६ दिनसम्म पीडितलाई सहयोग, कानुनी शिक्षा, ऱ्याली, अन्तरत्रिया, सम्वाद, बालविवाह विरूद्ध अन्तरपुस्ता सम्वाद, बक्तृत्वकला, चित्रकला, कविता प्रतियोगिता, फलफूल वितरण, सरसफाई, पीडितलाई हौसला प्रदानलगायतका कार्यक्रम तय गरेको छ ।

# पूर्व पश्चिम राजमार्ग पुनः अवरुद्ध

**कृष्णा सम्वाददाता**

राजविराज, ११ मंसिर । महोत्तरीको बर्दिवासस्थित पूर्वपश्चिम राजमार्ग बिहीवार पुनः अवरूद्ध भएको छ ।

बालिका हत्या र बालिका हत्याको विरोध प्रदर्शनको क्रममा प्रहरीको गोली लागेर मृत्युको विरोध गर्दै स्थानीयहरूले पूर्वपश्चिम राजमार्ग पुनः अवरूद्ध बनाएका हुन् ।

बालिका हत्याको विरोध प्रदर्शनको क्रममा प्रहरीको गोली लागेर बर्दिवास नगरपालिका वडानम्बर १ बस्ने ४० वर्षीय संजय भनिने बुद्धिराज न्यौपानेको मृत्यु भएको थियो । घटनाको निष्पक्ष छानबिन,गोली चलाउन आदेश दिने प्रहरी तथा प्रहरी अधिकारीमाथि कारबाहीको माग गर्दै प्रदर्शन गरिरहेका छन् । बालिका हत्या प्रकरण र प्रहरीको गोली लागेर मृत्यु भएको विरोधमा बिहीबार बिहानैदेखि बर्दिबासमा स्थानीयहरूले प्रदर्शन गरेका छन् ।

मंसिर ७ गते आइतबारदेखि वेपत्ता भएकी ६ वर्षीया बालिकाको हत्या गरेर फालिएको अवस्थामा शव फेला परेको थियो । बस्तीबाटै हराएकी शहीद आलमकी ६ वर्षीय छोरी गुलाब साह खातुनको शव हत्या गरेर बोरामा राखेर झाडीमा फालेको अवस्थामा भेटिएको थियो ।

बालिका हत्या आरोपमा प्रहरीले गौशाला नगरपालिका ५ घर भई बर्दिवास नगरपालिका १४ बस्ने २५ वर्षीय अरूणकुमार साहलाई पक्राउ गरिसकेको छ ।

## तिरहुत गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

गोइठी, सप्तरी
प्रदेश नं. २, नेपाल

पत्र संख्या : २०७७/०७८
च.नं. :

### करार सेवामा उद्यम विकास सहजकर्ता पदपुर्ति सम्बन्धी सूचना

**सूचना प्रकाशन मिती २०७७।०८।१२**

प्रस्तुत विषयमा यस तिरहुत गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को लागि मिति २०७७।०८।१० गतेको कार्यपालिका बैठकको निर्णयनुसार तपसिल बमोजिम कर्मचारी सेवा करारमा पदपूर्तिको गर्नु पर्ने भएकोले योग्यता पुगेका ईच्छुक उमेदवारहरुवाट दरखास्त आवहान गरिएको छ ।

**तपसलि**

| क्र. सं | विज्ञावन नं. | पद, सेवा, समुह | माग संख्या | परिक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०७/०७७/७८ | उद्यम विकास सहजकर्ता | २ | रु. ५०० | |

**आवश्यक न्युनत्तम योग्यता र अनुभवः**

**१. शैक्षिक योग्यता :**

क. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिईभिटि) वाट मान्यता उद्यम विकास सहजकर्ता सम्वन्धि डिप्लोमा कोर्ष उत्तिर्ण गरेको, वा

(ख) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिईभिटि) वाट मान्यता उद्यम विकास सहजकर्ता सिप परिक्षण तह २ वा ३ उत्तीर्ण गरेको, वा

(ग) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिईभिटि) वाट मान्यता उद्यम विकास सहजकर्ता सम्वन्धि प्राविधिक प्रवेशिका परिक्षा (टिएसएलसी) उत्तीर्ण गरेको ।

घ) उमेर हद : कम्तिमा १८ वर्ष पुरा भएको ।

**२. कार्य अनुभव :**

लघु उद्यम वा व्यवसाय विकास वा व्यवसायिक सीप विकास वा आय आर्जनको क्षेत्रमा कम्तीमा एक वर्ष काम गरेको हुनु पर्ने ।

**३. दरखास्त दिने स्थान :** तिरहुत गाउँपालिकाको कार्यालय,गोईठी, सप्तरी ।

**४. दरखास्त दिने अन्तिम मिति :** २०७७/०८/२६ कार्यालय समयभित्र ।

**५. दरखास्त फाराम पाईने स्थान :** तिरहुत गाउँपालिकाको कार्यालयवाट प्राप्त गर्न सकिने ।

**६. छनौटको किसिम :** प्रारम्भिक योग्यता क्रमको सुचि प्रकाशन, लिखित परिक्षा र /वा अन्तरवार्ता ।

**७. आवेदन तथा संलग्न कागजातहरुः** आवेदक स्वंमले प्रमाणित गरेको देहाय बमोजिमको प्रतिलिपिहरु :

क. नागरिकताको प्रमाणित प्रतिलिपि
ख. न्युनत्तम योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपि
ग. चारित्रिक प्रमाणपत्रको प्रतिलिपि
घ. अनुभव खुल्ने कागजात
ङ २ प्रति पासपोर्ट साईजको फोटो

**८. सेवा सुविधा :** तिरहुत गाउँपालिकाको निर्णय बमोजिम

९. दरखास्त दस्तुर :- तिरहुत गाउँपालिकाको संचित कोष खाता नं. N3CA000736452401 एन.आई.सि. एसिया बैकमा जम्मा गरी सोको सक्कलै भौचर दरखास्त साथ पेश गर्नुपर्ने छ ।

१०. योग्यता र छनौट सम्बन्धमा :- गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।

११. थप कुरा बुझ्नु परेमा यस कार्यालयको टेलिफोन नं. ९८०७७७५९८ मा सर्म्पक गर्न सकिनेछ ।

पदपुर्ति समिति संयोजक
तिरहुत गाउँपालिकाको कार्यालय
गोईठी,सप्तरी

## तपाईंको राशिफल
ज्योतिषाचार्य पण्डित रामकुमार शास्त्री

**मेष** चु, चे, चो, ला, लि, लु, ले, लो, अ
सयम राम्रो, ब्यापार सुखद, यात्रा भय, आर्थिक सन्तुष्टि, आफन्तसँग भेट स्वास्थ्य लाभ र परिवारिक जीवन उत्तम छ ।

**वृष** इ, उ, ए, ओ, बी, बु, बे बो
समय मध्यम यात्रा शुभ, ब्यापार सन्तोषजनक, आर्थिक रूपले समान्य समय भए पनि आम्दानी आउने समय देखिन्छ ।

का,कि,कु,घ,ङ,छ,के,को,ह
समय त्यति राम्रो देखिदैन, होशियारी गरे काममा सफलता मिल्न सकिन्छ । यात्रामा अप्ठ्यारो आउन सक्छ ।

**कर्कट** हि,ह,हे,हो,डा,डि,डु,डे,डो
आज तपाईको लागि त्यति राम्रो समय न भएपनि परिश्रम गर्दा कार्य सफलता हुन सक्छ ।

मा, मि, मु, मे, मो, टा, टी, टु, टे
आज तपाईको लागि समय राम्रोसँग कार्य गर्दा इच्छाएको बस्तु प्राप्त गर्न सकिन्छ ।

**कन्या** टो,प,पी,पु,ष,ण,ठ,पे,पो
समय मध्यम भए पनि कठिन परिश्रमले सफलता पाउने छन् । हराएको सम्पति प्राप्त गर्ने सम्भावना छ ।

**तुला** र, रि, रु, रे, रो, ता, ती, तु, ते
समय राम्रो छ । आर्थिक लाभ, शुभ यात्रा, आफन्तसँग भेटघाट चिताएको काम सफलताको योग देखिन्छ ।

**बृश्चिक** तो,ना,नि,नु,ने,नो,या,यी,यु
उत्तम समय गुप्त धन प्राप्ति सन्तान सुख, शुभ यात्रा, आर्थिक लाभ, पदोन्नति हुने सम्भावना छ ।

**धनु** ये, यो, भा, भी, भु, ध, फा, ढ, भे
समय राम्रो छ । गरेको काममा पूर्ण सफलता, यात्रामा लाभ, आर्थिक सन्तुष्टि र स्वास्थ्य लाभ देखिन्छ ।

**मकर** भो,जा,जी,खि,खु,खे,खो,गा,गि
यात्रा शुभ, आथिक लाभ, आफन्तसँग भेट, रूकेको कार्यमा सफलता तथा विशिष्ट लाभको समय देखिन्छ ।

**कुम्भ** गु,गे,गो,सा,सि,सु,से,सो,द
समय मध्यम भएपनि कठिन, परिश्रमले सम्पूर्ण कार्यमा सफलता प्राप्त गर्ने समय छ ।

**मीन** दी,दु,थ,झ,ञ,दे,दो,चा,ची
आर्थिक लाभ, शुभ यात्रा, स्वास्थ्य लाभ, आफन्तसँग भेट कार्यमा आयको सम्भावना छ ।